# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

## आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

### चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन

**१. वित्तीय विवरण :-**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८१/०८२ (२०२५) को २०८२ वैशाख १ देखि २०८२ असार ३२ (अप्रिल १४, २०२५ देखि जुलाई १६, २०२५) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-
आर्थिक वर्ष २०८१/०८२ को कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ । यस चौथो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को चौथो त्रैमासिक अवधि (असार ३२, २०८२ को अन्त्यमा) | अघिल्लो त्रैमासिक अवधि (चैत्र ३१, २०८१ को अन्त्यमा) | गत आ.व. को चौथो त्रैमासिक अवधि (असार ३१, २०८१ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पुँजीको अनुपात | १.०४ | १.१३ | १.३५ |
| शेयरधनीको शेयर पुँजी कोषको प्रतिफल | ०.१३ | ०.०७ | ०.१४ |
| प्रति शेयर आम्दानी (रु) | १३.७५ | ७.०९ | १३.०४ |
| प्रति शेयर नेटवर्थ (रु) | १०७.६१ | १०२.४९ | ९३.८७ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २४१.२८ | २३७.७२ | २४२.०७ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | ९५६.०२ | ८५३.०१ | ९०८ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | ६९.५४ | १२०.३६ | ६९.६६ |
| चालु अनुपात | २.५५ | ३.१० | २.४८ |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रयमास अवधिसम्मको आर्थिक गतिविधि मध्यम रहेको छ । कम्पनीको पछिल्लो आ.व.को सोहि अवधिको तुलनामा कुल आयमा करिब ९.७७ प्रतिशतले कमी आएतापनि नियन्त्रित खर्च प्रणाली मार्फत कुल नाफामा स्थिरता सहितको वृद्धि कायम रहेको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्याकअनुसार हवाईमार्गबाट यात्रा गर्ने पर्यटकहरूको आगमन संख्याको मासिक औसत वृद्धि हुदै आएको छ । गत जुलाईसम्मको सात महिनाको अवधिमा करिब ६ लाख ४७ हजार पर्यटकहरूले नेपाल भ्रमण गरेका छन् । हवाईमार्गको पर्यटक भ्रमणमा वृद्धि भएतापनि यस अवधिमा स्थलमार्ग प्रयोग गरी नेपाल भ्रमणमा आउने पर्यटकहरूको संख्यामा खासै सुधारको महसुस भएन ।

ग) यस समिक्षा अवधिमा घटेका केही अर्न्तराष्ट्रिय घटनाक्रमहरू तथा विवादहरूको प्रत्यक्ष असर पर्यटकहरूको आवागमनमा पर्न गयो । यसैगरि आन्तरिक घटनाहरू तथा परिवेशहरूबाट समेत कम्पनीको आयमा यस अवधिमा असर पर्न गएको छ ।

(घ) यस चन्द्रागिरि हिल्सको मनोरम र अद्वितीय प्राकृतिक वातावरण तथा पर्यटकीय उपजहरूको विकास विश्व पर्यटन बजारमा कम्पनीको प्रचार प्रसार सहित कम्पनीको रिसोर्टको अनलाइन बुकिंग तथा केबलकार टिकट खरिद सेवालाई थप सहज बनाई ग्राहक केन्द्रित सेवा प्रदान गरिएको छ । कम्पनीबाट आन्तरिक पर्यटकहरूका लागि समय समयमा विशेष छुटको प्याकेजहरूलाई निरन्तता दिदै कम्पनीका शेयरधनीहरूका लागि कम्पनीबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूमा विशेष छुटको व्यवस्था र स्थानिय बासिन्दालाई समेत बिषेश सहुलियत प्रदान गरिएको छ ।

ङ) कम्पनीले केबलकार सेवालाई शतप्रतिशत सुरक्षित रुपमा संचालन गर्नका लागि यस कम्पनीमा कार्यरत दक्ष कर्मचारीहरू प्रतिबद्ध भई अहोरात्र खटिरहेका छन् । अकस्मात आउने स- साना प्राविधिक समस्या समाधान गर्न अपनाउनु पर्ने सुरक्षाका उपायहरू तथा उपकरणहरूको सही प्रयोग गर्नका लागि कुनै समस्या रहेको छैन । साथै कम्पनीले सुरक्षा निकायसंग समेत समन्वय गरी बिपद लगायतका काममा सहकार्य गर्दै आएको छ ।

च) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आइएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिसम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालक वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिसम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छ :

| चौथो त्रैमासिक अवधी २०८२ असार ३२ तदनुसार जुलाई १६, २०२५ | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| | १०४६.८४ | ८४५.१९ | ९५६.०२ | ६३ | २५,७९५ | ४३,०८,२८३ |

**५. समस्या तथा चुनौती :**

**(क) समस्या तथा चुनौतीहरू :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको ।

**(आ) बाह्य**

१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणबाट देशको आन्तरिक तथा बाह्य पर्यटन उद्योगमा पर्ने प्रभाव र सो बाट कम्पनीको कारोबारमा पर्ने असर ।
२. देशमा विद्यामान अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने प्रभाव ।
३. पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरूबाट विषेशगरी पर्यटकीय क्षेत्रमा पर्न सक्ने प्रभाव ।
५. पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा बाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु ।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।
७. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क) कम्पनीप्रति आम जनमानसको सकरात्मक धारणा, कम्पनीको संचालक समिति तथा व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष रुपमा अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशबाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा वृद्धि हुनुका साथै रिसोर्टमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा निरन्तर वृद्धि भैरहेको छ । आगामी दिनमा समेत गुणस्तरीय सेवा प्रवाहका साथै ग्राहक केन्द्रित रणनितिलाई निरन्तरता दिईनेछ ।

ख) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापनका काममा दिईएका उच्च प्राथमिकतालाई निरन्तरता दिईने छ ।

ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविस्मरणीय पलका रुपमा स्थापित गराउने उद्देश्यका साथ विभिन्न गतिविधि सञ्चालन गरिदैं आएको छ । आन्तरिक पर्यटकहरूका लागि रिसोर्टमा विभिन्न छुटहरू सहितको प्याकेजहरू प्रदान गर्ने कार्य निरन्तर भैरहेको छ । यस किसिमका प्याकेजका कारण आन्तरिक पर्यटकको आवागमनमा बृद्धि हुने अपेक्षा गरिएको छ । यस किसिमको रणनितिलाई निरन्तरता दिईनेछ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण देहाय बमोजिम रहेका छन:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट गर्ने, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिदै आएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति हुदैं संचालक समिति समक्ष समेत पेश गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, बिनियम र निर्देशनहरू लगायत अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ ।

घ) कर्मचारी बिनियावली र नीति तथा आर्थीक नीति लगायतका संस्थाका विद्यमान नियम, बिनियम, नीति, निर्देशिका र कार्यविधिहरूलाई अनुसरण गर्दै कामकारवाही गर्दै आईरहेको छ । आन्तिरिक नियन्त्रण प्रणलीलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन संचालक समिति लगायत विभिन्न उपसमिति एवम् विभागहरू गठन गरी समय समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आइरहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

---

अनुसुची १

**Chandragiri Hills Limited**

Kathmandu, Nepal

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**

As on Chaitra 31, 2081 BS (April 13,2025 AD)

| Particulars | Upto This Quarter ending on Ashad 32, 2082 BS (July 16, 2025 AD) Unaudited | Up to Previous Quarter ending on Chaitra 31, 2081 BS (April 13, 2025 AD) Unaudited | Corresponding Previous Quarter ending on Ashad 31, 2081 BS (July 15, 2024 AD) Audited |
|---|---|---|---|
| ASSET | | | |
| Non-Current Asset | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 2,934,380,493 | 2,974,559,219 | 3,013,246,470 |
| (ii) Intangible Asset | 4,608,472 | 3,836,867 | 4,479,171 |
| (iii) Capital Work in Progress | 61,636,002 | 7,828,814 | |
| (iv) Right of Use of Asset | 39,377,144 | 39,834,235 | 41,205,509 |
| (b) Long term Investment | 325,700,000 | 325,700,000 | 315,700,000 |
| Deferred tax asset | | | |
| **Total of Non- Current Asset** | **3,365,702,112** | **3,351,759,134** | **3,374,631,150** |
| Current Assets | | | |
| (a) Inventories | 49,232,262 | 58,734,647 | 40,688,907 |
| (b) Account Receivables | 29,651,839 | 29,096,978 | 34,594,445 |
| (c) Cash & Cash Equivalent | 86,139,130 | 38,386,328 | 131,282,828 |
| (d) Loans & Advances | 139,857,804 | 144,749,165 | 122,258,190 |
| (e) Other Current Assets | 30,857,627 | 24,161,582 | 10,187,307 |
| **Total of Current Asset** | **335,738,662** | **295,128,700** | **339,011,677** |
| **Total Asset** | **3,701,440,774** | **3,646,887,834** | **3,713,642,826** |
| EQUITY & LIABILITIES | | | |
| Equity, Reserve and Surplus | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | 116,804,025 | 38,132,916 | (94,091,480) |
| Total Equity, Reserve and Surplus | 1,650,895,025 | 1,572,223,916 | 1,439,999,520 |
| Non- Current Liabilities | | | |
| (a)Borrowings | 1,719,327,866 | 1,780,308,258 | 1,938,443,719 |
| (b) Deferred Tax Liabilites | 147,444,531 | 147,444,531 | 147,444,531 |
| (c ) Lease Liability | 52,075,024 | 51,825,592 | 51,077,295 |
| **Total of Non-Current Liabilities** | **1,918,847,421** | **1,979,578,381** | **2,136,965,544** |
| Current Liabilities | | | |
| (a) Duties & Taxes | 18,505,132 | 27,897,424 | 33,624,373 |
| (b) Account payable | 34,336,980 | 39,318,992 | 33,573,939 |
| (c) Other Current Liabilities | 78,856,216 | 27,869,122 | 69,479,449 |
| **Total of Current Liabilities** | **131,698,328** | **95,085,538** | **136,677,761** |
| Total Equity and Liabilities | 3,701,440,774 | 3,646,887,834 | 3,713,642,826 |

**STATEMENT OF UNAUDITED PROFIT & LOSS FOR THE PERIOD ENDED**

on Ashad 32, 2082 BS (July 16, 2082 BS)

| Particulars | Upto This Quarter ending on Ashad 32, 2082 BS (July 16, 2025 AD) Unaudited | Upto Previous Quarter ending on Chaitra 31, 2081 BS (April 13,2025 AD) Unaudited | Corresponding Previous Quarter ending on Ashad 31, 2081 BS (July 15, 2024 AD) Audited |
|---|---|---|---|
| Revenue from Operation | 902,416,567 | 635,108,308 | 1,000,115,981 |
| Cost of sales | 119,933,193 | 87,803,060 | 123,255,324 |
| Gross Income | 782,483,374 | 547,305,248 | 876,860,656 |
| Other Income | 30,432,583 | 3,886,513 | 37,236,746 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 173,100,825 | 131,335,395 | 170,420,036 |
| Administrative and Other Expenses | 100,773,915 | 83,368,615 | 111,386,258 |
| **Total Expenses** | **273,874,740** | **214,704,009** | **281,806,293** |
| **Profit Before Interest, Depreciation and Tax** | **539,041,217** | **336,487,752** | **632,291,109** |
| Finance costs | 156,512,146 | 123,079,936 | 239,644,012 |
| **Profit Before Depreciation and Tax** | **382,529,072** | **213,407,817** | **392,647,097** |
| Depreciation and Amortization Expenses | 116,969,930 | 82,731,305 | 119,142,565 |
| **Profit before extra ordinary items and taxes** | **265,559,141** | **130,676,512** | **273,504,532** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | 54,663,638 | 21,865,455 | 73,529,876 |
| **Profit (Loss) for the period from continuing operations** | **210,895,504** | **108,811,057** | **199,974,656** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| Profit/(Loss) for the period | 210,895,504 | 108,811,057 | 199,974,656 |
| Earning per equity share: | | | |
| Basic Earning per share | 13.75 | 7.09 | 13.04 |
| Diluted Earning per share | 13.75 | 7.09 | 13.04 |